# धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ नियम २६ को उपनियम १ सँग सम्बन्धित
# आ.व. २०७७/०७८ को प्रथम त्रैमासिक प्रतिवेदन

**१) वित्तीय विवरण**

**क) त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान सम्वन्धी विवरण:**

यस बैंकको त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान सम्वन्धी विवरण यसै साथ संलग्न गरिएको छ ।

**ख) प्रमुख वित्तीय अनुपातहरु**

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी | रु. ४२.१४ | मुल्य आम्दानी अनुपात | १३.७२ |
| प्रति शेयर नेटवर्थ | रु. १८९.७१ | प्रतिशेयर बजार मुल्य | रु. ५७८ |
| तरलता अनुपात | २५.०८ प्रतिशत | कुल सम्पतिमा प्रतिफल | १.४४ प्रतिशत |

**२) व्यवस्थापकीय विश्लेषण**

**क) विश्वभर फैलिएको कोभिड १९ महामारीका कारणले समग्र विश्व अर्थतन्त्र तथा देशको आर्थिक क्रियाकलापमा कमी आई अर्थतन्त्रमा नकरात्मक असर परेको छ । यस्तो प्रतिकुल अवस्थाको बाबजुद पनि यस बैंकको निक्षेप संकलन तथा कर्जा सापटी तर्फको नतिजा सन्तोषजनक रहेको छ ।**

**बैंकको जगेडा तथा कोषमा भने यस त्रैमासको मुनाफाको कारणले वृद्धि भएको छ, र यस त्रैमासको अन्तमा बैंकको तरलता अनुपात २५.०८ प्रतिशत रहेको छ ।**

**ख) व्यवसायिक योजना**

**अ) निक्षेप:** बैंकको दिर्घकालिन रणनीति अनुरुप नै यस बैंकले बचत खाता/व्यक्तिगत निक्षेपमा विशेष जोड दिंदै यस्ता खाता मार्फत ग्राहक वर्गलाई उच्च गुणस्तरीय सेवा तथा अधिकतम सुविधा प्रदान गर्दै आएको छ । साथै बैंकले कुल निक्षेपमा व्यक्तिगत निक्षेपको मिश्रणलाई क्रमिक रुपमा सुधार गर्दै लैजाने नीति अपनाएको छ ।

**आ) कर्जा तथा सापटी:** बैंकले कृषि, उर्जा जस्ता उत्पादनशिल क्षेत्रहरुमा लगानी वृद्धि गर्न कटिबद्ध रहेको तथा यस नीतिको सफल कार्यान्वयनको निमित्त बैंकले आफ्नो ध्यान साना तथा मझौला व्यवसाय तथा विपन्न वर्ग कर्जा तर्फ केन्द्रित गरेको छ र उक्त कर्जा समुहमा निकै उत्साहजनक वृद्धि समेत हासिल गरेको छ ।

**इ) यस त्रैमासमा बैंकले पाख्रिबास विस्तारित शाखालाई शाखामा परिणत गरि सञ्चालनमा ल्याएको छ । यस सँगै बैंकको शाखा संजाल ३२७ पुगेको छ ।**

**३) कानूनी कारवाही सम्वन्धी विवरण**

**क) यस अवधिमा बैंकले वा बैंकको विरुद्ध कुनै मुद्दा दायर भए नभएको:**

यस अवधिमा बैंकको व्यवसायमा तात्विक असर पर्ने गरी बैकले वा बैंकको विरुद्ध कुनै मुद्दा दायर नभएको ।

**ख) बैंकको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै किसिमको मुद्दा दायर भए नभएको:**

यस सम्बन्धी कुनै जानकारी प्राप्त नभएको ।

**ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भए नभएको:**

यस सम्बन्धी कुनै जानकारी प्राप्त नभएको ।

**४) बैंकको शेयर कारोवार सम्वन्धी विश्लेषण**

**क) धितोपत्र बजारमा भएको बैंकको शेयरको कारोवार सम्बन्धमा व्यवस्थापनको धारणा:**

दोस्रो बजारमा हुने शेयर कारोबारको मूल्य खुल्ला बजारले निर्धारण भए अनुरुप हुने व्यवस्थापनको धारणा रहेको छ ।

**ख) यस अवधिको शेयरको अधिकतम, न्युनतम, अन्तिम मुल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या:**

| | | | |
|---|---|---|---|
| अधिकतम मुल्य | रु. ६७१ | न्युनतम मुल्य | रु. ५३७ |
| अन्तिम मुल्य | रु. ५७८ | कारोवार संख्या | २३,४९८ |
| कारोबार दिन | ६४ | | |

**५) समस्या र चुनौती**

प्रमुख चुनौतीहरु तल उल्लेख गरिए अनुसार रहेको छ ।

**आन्तरिक**

क) दक्ष जनशक्तिको उपलब्धता ।

ख) बढ्दो सञ्चालन लागत तथा घट्दो खुद ब्याजदर अन्तर ।

**वाह्य**

क) विश्वमहामारी कोभिड १९ ले अर्थतन्त्रमा ल्याएको राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा नकरात्मक प्रभाव

ख) न्युन कर्जाको माग ।

**रणनीति**

क) नविनतम् प्रविधिको प्रयोग गरी उत्कृष्ट सेवा प्रदान गर्ने ।

ख) नयाँ क्षेत्रहरुमा लगानी एवं अवसरहरुको निरन्तर खोजी गर्दै जाने ।

ग) कर्मचारीहरुको निरन्तर वृति विकासमा जोडदिने ।

घ) प्रतिस्पर्धी क्षमताको विकास गर्दै जाने ।

ङ) विवेकशिल जोखिम व्यवस्थापनको नीतिलाई अंगिकार गर्दै जाने ।

च) उत्पादनशिल क्षेत्र कर्जा लगानी वृद्धिको लागि सम्भाव्य अवसरहरुको खोजी गर्ने ।

छ) उपभोक्ता कर्जा र साना तथा मझौला कर्जा प्रवाहमा जोड दिने ।

ज) चल्ती तथा बचत निक्षेपमा जोड ।

झ) मितव्यय खर्चमा जोड दिने ।

ञ) डिजिटल बैंकिङ्गमा गतिविधिहरु तिव्र रुपमा अगाडि बढाउने ।

**६) संस्थागत सुशासन**

संस्थागत सुशासनलाई सदैव उच्च प्राथमिकता दिने नीति अनुसार श्री नेपाल राष्ट्र बैंकद्वारा जारी संस्थागत सुशासन सम्बन्धी ब्यवस्था अनुरुप बैंकका संचालक समिति तथा व्यवस्थापनमा कार्यरत सम्पूर्ण कर्मचारीहरु, आफ्ना शेयरधनीहरु, सर्वसाधारण निक्षेपकर्ताहरु लगायत सम्पूर्ण सरोकारवालाहरुको हितलाई सदैव उच्च प्राथमिकतामा राखी संस्थागत सुशासनको मुल्य मान्यता प्रति सदैव सजग रही कार्य गर्दै आएको छ ।

संस्थागत सुशासन परिपालनाको प्रत्याभूतिका लागि प्रभावकारी संस्थागत सुशासन नीति तर्जुमा गरी लागु गरिसकिएको छ ।

**७) सत्य, तथ्यता सम्वन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण**

आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्वन्धमा मैले जानेबुझेसम्म म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

**प्रमुख कार्यकारी अधिकृत**